# गाउँ वा नगर कार्यपालिकामा योजना तर्जुमा र स्वीकृति

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

- बजेट सीमा, मार्गदर्शन तथा आयोजना प्राथमिकिकरणका आधारमा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
- सो प्रयोजनका लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति को गठन:

| | |
|---|---|
| क) उपाध्यक्ष/उपप्रमुख | - संयोजक |
| ख) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरु | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख | - सदस्य सचिव |

# बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रमुख जिम्मेवारी निम्नानुसार रहने।

क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

ख) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले दिएको वजेट सीमा भित्र रही वजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने

ग) वजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

घ) कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने र कार्यक्रमहरू बीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने,

ङ) बजेट सीमाभित्र रही कार्यक्रमको प्राथमिकिकरण गर्ने,

च) एकिकृत वार्षिक विकास कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने।

# विषयगत समितिहरु

- योजनाहरुलाई बिषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार यसको गठन देहाय अनुसार हुनेछ।

क) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

ख) गाउँ/नगर सभाका कम्तिमा १/१ जना

महिला सदस्य सहित २ जना कार्यपालिकका सदस्य - सदस्य

ग) बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित

विषय हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव



*पुनश्चः सम्वन्धित क्षेत्रमा एक भन्दा बढी शाखाहरु रहेको अवस्थामा कार्यपालिकाले कुनै एक जना शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य शाखा प्रमुखहरुलाई सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ ।*

# विषय क्षेत्रहरु

## (क) आर्थिक विकास

- कृषि,
- उद्योग तथा वाणिज्य,
- पर्यटन,
- सहकारी,
- वित्तीय क्षेत्र
- बाह्य क्षेत्र

## (ख) सामाजिक विकास

- शिक्षा,
- स्वास्थ्य,
- खानेपानी तथा सरसफाई,
- संस्कृति प्रवर्द्धन,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- जनसंख्या व्यवस्थापन

## (ग) पूर्वाधार विकास

- सडक तथा पुल
- सिंचाई,
- भवन तथा सहरी विकास,
- संचार,
- उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

# क्रमश......

(घ) वातावरण तथा विपद व्यवस्थापन विकास

- ❖ वन तथा भु-संरक्षण,
- ❖ जलाधार संरक्षण,
- ❖ वातावरण संरक्षण,
- ❖ जलवायु परिवर्तन,
- ❖ फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites,
- ❖ जल उत्पन्न प्रकोप नियन्त्रण,
- ❖ विपद व्यवस्थापन, वारूण यन्त्र संचालन

(ङ) संस्थागत विकास तथा सेवा प्रवाह

- ❖ सामान्य सेवा
- ❖ सुरक्षा व्यवस्थापन
- ❖ सूचना प्रविधि
- ❖ पञ्जिकरण व्यवस्थापन
- ❖ स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन
- ❖ सुशासन प्रवर्धन
- ❖ अनुसन्धान तथा विकास
- ❖ अन्यत्र वर्गिकरण नभएको

*स्थानीय तहले आफ्नो आवश्यकता एवं प्राथमिकता अनुरुप थप समिति बनाएर आफ्नो कार्य व्यवस्थित गर्न सक्नेछ*

# वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा

बिषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई वजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहायका आधारहरु हेरी बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गरी आषाढ ५ गतेभित्र  कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति

(ख) स्थानीय तहको मध्यमकालीन खर्च संरचना,

(ग) श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट प्राप्त वजेट सीमा, मार्गदर्शन  र योजना प्राथमिकीकरणका आधारहरु,

(घ) बिषयगत समितिबाट प्राथमिकीकरण भै नआएका तर गाउँपालिका/ नगरपालिका स्तरका महत्वपूर्ण आयोजनाहरु छनौट गर्नु पर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा वजेटको सुनिश्चितता हुने गरी त्यस्ता योजना समावेश गर्न सकिनेछ ।

# वार्षिक वजेट ..............क्रमश:

(ङ) स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरुलाई समपुरक अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गर्न सकिने छ।

(च) बहुबर्षीय आयोजनाहरुको लागि आयोजनाको भौतिक तथा वित्तीय प्रगति र कार्यतालिका अनुरुप आगामी आर्थिक बर्षका लागि आवश्यक पर्ने बजेटको समेत सुनिश्चितता गर्नुपर्ने।

# योजना तर्जुमाका चरणहरु

१
- वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती

२
- श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

३
- बस्ती/टोल स्तरबाट योजना छनौट

४
- वडा स्तरीय योजना प्राथमिकिकरण

५
- एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

६
- कार्यपालिकाबाट स्वीकृती

७
- सभाबाट स्वीकृति

# कार्यपालिकाबाट स्वीकृति

- बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको कार्यक्रम तथा बजेट आषाढ महिनाको १० गतेभित्र सम्बन्धित गाऊँ वा नगरकार्यपालिकाबाट स्वीकृत गरिसक्नुपर्नेछ ।
- राष्ट्रिय नीति अनुरुप स्थानीय तहले सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा नगरस्तरीय महत्वका कार्यक्रमको सुनिश्चितता गरी प्रस्तावित कार्यक्रम तथा बजेटमा आवश्यकता अनुसार सामान्य संसोधन गर्न सकिनेछ ।
- वार्षिक बजेटसँगै तपसिल बमोजिमका दस्तावेजहरु कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेछ ।

  १. स्थानीय सरकारको नीति तथा कार्यक्रम

  २. आर्थिक विधेयक (आगामी वर्षको लागि प्रस्तावित राजस्व/करका दरहरु)

# कार्यपालिकाबाट..........क्रमश:

३. विनियोजन विधेयक (सञ्चित कोषबाट रकम झिक्ने र कार्यक्रमगत तथा शीर्षकगत खर्च सम्बन्धी)

४. बजेट वक्तव्य  (गत आ.व.को यथार्थ, चालु आ.व.को संसोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण सहित)

५. वार्षिक विकास कार्यक्रम (क्षेत्रगत रुपमा विस्तृत कार्यक्रमको सूची तथा सोमा प्रस्तावित रकम)

- कार्यपालिकाबाट स्वीकृत भए पश्चात मात्र सभामा पेश गर्न सकिनेछ ।

# योजना तर्जुमाका चरणहरु

१
- वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती

२
- श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

३
- बस्ती/टोल स्तरबाट योजना छनौट

४
- वडा स्तरीय योजना प्राथमिकिकरण

५
- एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

६
- कार्यपालिकाबाट स्वीकृती


७
- सभाबाट स्वीकृति

# सभाबाट स्वीकृति

- ❖ बजेट सम्बन्धी सबै दस्तावेजहरु अन्तिम स्वीकृतिका लागि सभामा पेश गर्नुपर्ने,
- ❖ आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक वजेट) सभामा पेश भएको १५ दिन भित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिका बनाउनु पर्नेछ।
  - उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले असार १० गते भित्र बजेट गाऊँ वा नगरसभामा प्रस्तुत गर्ने,
  - पेश भएका दस्तावेजहरु उपर कार्यतालिका बनाई १५ दिनभित्र छलफल सम्पन्न गर्ने,
  - सभाको बहुमतले प्रत्येक दस्तावेजलाई पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्ने,

# सभाबाट स्वीकृति

- सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारणसहित सभामा ५ दिनभित्र पुनः पेश गर्नुपर्ने,
- सभाले असार मसान्त भित्र बजेट दस्तावेजहरु स्वीकृत गरी सक्नुपर्ने,
- स्वीकृत कार्यक्रम तथा बजेट श्रावण १५ भित्र सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्नुपर्ने,
- स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि कार्यपालिकाको कार्यालयमा पठाउने ।



# धन्यवाद !

